नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०५/०४ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | मणि खानेपानी सेवा, टोखा न. पा.,-०६, काठमाडौं | • पानीमा कुहिरो जस्तो फोहोर देखिएको तथा किरा भेटिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• कर्मचारीको व्यक्तिगत सरसफाइ सन्तोषजनक रहेको<br>• उद्योगमा टायल टुटे फुटेको अवस्थामा पाइएको<br>• पानी जार टुटे फुटेको र कुच्चिएको पाइएको। | • टुटे फुटेका र कुच्चिएका बाह्र (१२) वटा जार नष्ट गरिएको<br>• सरसफाइ नियमित गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धान गर्न प्रयोगशाला परिक्षणका लागि पानीको नमुना संकलन गरिएको<br>• फुटेको टायल र देखिएको कैफियत सुधार गरी चार (४) भित्र विभागमा प्रमाण सहित उपस्थित हुन निर्देशन दिइएको। |
| २. | गोर्खा बेभेरेज प्रा. लि., जोरपाटी-०४, काठमाडौं | • जारको पानीमा किरा देखिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइको अवस्था सामान्य रहेको<br>• व्यक्तिगत सरसफाइ सन्तोषजनक रहेको | • सरसफाइ नियमित गर्न निर्देशन दिइएको<br>• टुटे फुटेका बाउन्न (५२) वटा जार नष्ट गरिएको<br>• प्रशोधित पानी भर्ने ठाउँलाई व्यवस्थित गर्न निर्देशन दिइएको। |

| | | | |
|---|---|---|---|
| | | • कीट नियन्त्रणको व्यवस्था नरहेको<br>• उद्योगमा टुटे फुटेको र कुच्चिएको जार प्रयोग गरेको पाइएको<br>• प्रशोधित पानी भर्ने ठाउँ खुल्ला ठाउँमा रहेको। | |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/०५

**<u>अनुगमनका केहि झलकहरु:</u>**








